जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १९७ २०७९ साल फागुन २३ गते मंगलबार (7 Mar. 2023 Tuesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : लोप हुँदै होली गीत : जोगिरा३ पृष्ठमा : वित्तीय क्षेत्रका समस्याबारे निजी क्षेत्रको ... ३ पृष्ठमाधमनमा पोलियो विरुद्ध...

# बालुवा मुनी गाडिएको गाजा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

बालुवा मुनी गाडिएको अवस्थामा प्रतिबन्धित लागु औषध गाजा सप्तरी प्रहरीले बरामद गरेको छ ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित दक्षिणतर्फ सप्तकोशी नदी किनारमा बालुवा मूनी गाडिएको अवस्थामा प्रहरीले ६० केजी गाजा आइतबार बरामद गरेको हो ।

गोप्य सूचनापछि इलाका प्रहरी कार्यालय भारदह र जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको संयुक्त टोलीले तस्करीका लागि दुई वटा प्लास्टिकको बोरामा र्‍यापिङ गरि बालुवा मूनी गाडिएको अवस्थामा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेशकुमार सिंहका अनुसार रातीको समयमा डुङ्गामा राखेर तस्करले उक्त गाजा भारतीय बजारमा पुर्‍याउने योजना बनाएको अनुमान गरिएको भएपनि तस्करको पहिचान हुन बाँकी रहेको जनाए ।

विगतमा पनि सप्तकोशी नदी किनारबाट गाजा बरामद गरिएको थियो । भारत भित्राउन सप्तकोशी नदी तस्करहरुका लागि उत्तम मानिन्छ । त्यही रुटलाई प्रहरीले विशेष निगरानीमा राखेको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले बताए ।

गाजा तस्करी र खेती रोक्न अहिले प्रहरीले अभियान नै चलाएपछि आर्थिक वर्ष २०७९/८० को हालसम्मको अवधीमा १८ हजार ९ सय गाजाको बोट नष्ट गरिसकेको प्रहरीले जनाएको छ ।

# सवारी दुर्घटनामा एकको मृत्यु, तीन जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

सप्तरीको बोदेबरसाइन नगरपालिकामा आइतबार र सोमबार भएको छुट्टाछुट्टै मोटरसाइकल दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

बोदेबर्साईन नगरपालिका ५ बरसाईन टोल नजिक हुलाकी सडक खण्डमा सोमबार मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने पछाडी सवार अर्का व्यक्ति घाइते भएका छन् ।

दुर्घटनामा मोटरसाइकल चालक बलान बिहुल गाउँपालिका ४ वेल्ही निवासी ५५ वर्षिय विशो मण्डलको मृत्यु भएको हो ।

पश्चिमबाट पुर्वतर्फ आउदै गरेको भारतीय प्लेट नम्बरको बिआर३२वाई६०५७ नम्बरको मोटरसाइकल आफै आनियन्त्रित भई सडक छेउमा गाडिएको सांकेतिक पोलमा ठोक्किएको जिल्ला पहरी कार्यालय सप्तरीले जनाएको छ ।

दुर्घटनामा गम्भिर घाइते भएका मण्डललाई उपचारका लागि जिवन ज्योति अस्पताल बोदेबर्साईनमा भर्ना गरिएकोमा चिकित्सकले मृत घोषित गरेको थियो ।

यस्तै सोही दुर्घटनामा मोटरसाइकल पछाडी सवार स्थानिय १८ वर्षिय कमलेश कुमार शर्मा पनि घाइते भएका छन् । उनलाई कमरमा चोट लागेको तथा सोही अस्पतालमा उपचारका लागि भर्ना गरिएको प्रहरीले जनाएको छ ।

यस्तै आइतवार बोदेबरसाईन ७ बगबिरा भित्रि सडक खण्डमा मोटरसाइकलले साइकल यात्रीलाई ठक्कर दिंदा दुई जना घाइते भएका छन् ।

उत्तरबाट दक्षिणतर्फ जादै गरेको आनटेष्ट मोटरसाइकलले विपरित दिशाबाट आउदै गरेको साईकल यात्रि स्थानिय ३२ वर्षिय छोटे कुमार रामलाई ठक्कर दिएको हो ।

ठक्करबाट रामको निधार फुटेको र दुबै खुट्टामा चोट लागेको तथा मोटरसाइकल चालक खडकपुर १० निवासी २५ वर्षिय राजेश दासको दायाँ निधारमा काटिएको र टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ । मोटरसाइकल चालकले मादक पदार्थ सेवन गरेको प्रहरीको भनाई छ ।

दुवै जनाको उपचार जिवन ज्योति अस्पताल बोदेबर्साईन भईरहेको र अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# निर्वाचन प्रणालीमा सुधारको माग

काठमाडौँ, २२ फागुन (रासस) ।

लोकतन्त्र रक्षाका लागि निर्वाचन प्रणालीमा सुधारको माग गर्दै लोकतान्त्रिक नागरिक अभियानले ११ दिनदेखि माइतीघर मण्डलामा रिले अनशन जारी राखेको छ । प्राथमिक निर्वाचन, नो भोट र प्रतिनिधि फिर्ता

*बाँकी अन्तिम पृष्ठमा*

# जसपा चुनावमा अन्तर्घात गर्ने ८० जनालाई कारबाहीको सिफारिस

काठमाडौँ, २२ फागुन (रासस) ।

आम चुनावमा पार्टीभित्र रही अन्तर्घात गरिएको भन्दै जनता समाजवादी पार्टी ( जसपा) नेपालले त्यसको छानबिन गरी ८० जनालाई कारबाहीका लागि सिफारिस गरेको छ । पार्टीका कार्यकारिणी सदस्य शिवलाल थापाको संयोजकत्वमा गठन भएको कार्यदलले स्थलगत अध्ययन गरेर त्यसको प्रतिवेदन पार्टी अध्यक्ष उपेन्द्र यादवलाई हस्तान्तरण गरेको छ ।

उक्त कार्यदलले १४ वटा जिल्लामा अन्तर्घातबारे छानबिन गरेको थियो । कार्यदलले एक सय ५२ जना आरोपी नेतासँग बयान लिनाका साथै अन्य प्रमाण र थप जानकारीका लागि दुई सय ४७ जनासँग पनि भेटेर कुराकानी गरेको थियो । कारबाही सिफारिस गरिएका ८० जना नेताले आफ्नै पार्टीका उम्मेदवारलाई हराउनका लागि भूमिका खेलेको उक्त प्रतिवेदनमा उल्लेख गरिएको बताइएको छ ।

कोसी प्रदेशको पाँचथर, सुनसरी र मोरङ, मधेस प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, बागमती प्रदेशको मकवानपुर, धादिङ, काभ्रे, लुम्बिनी प्रदेशको बर्दिया, कर्णाली प्रदेशको सुर्खेत, सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा गएर कार्यदलले छानबिन गरेको थियो । प्रतिवेदन बुझ्दै जसपा अध्यक्ष यादवले पार्टीको अगामी बैठकमा प्रतिवेदनमाथि छलफल हुने र कार्यदलले सिफारिस गरेको प्रतिवेदनलाई कार्यान्वयन गरिने बताउनुभएको कार्यदलका संयोजक थापाले जानकारी दिनुभयो ।

यसअघि विसं २०७४ को चुनावमा पनि पार्टीका कार्यकारिणी सदस्य रणध्वज कन्दङ्वाको संयोजकत्वमा छानबिन गर्न कार्यदल गठन भएको थियो । तर त्यो कार्यदलले बुझाएको प्रतिवेदन भने कार्यान्वयनमा आएको थिएन । विसं २०७४ सालको चुनावमा भएको छानबिनमा कार्यदलले ३९ जना नेतालाई कारबाही गर्ने तथा आठ जनालाई पार्टीबाट निष्कासन र ३१ जनालाई निलम्बनका लागि सिफारिस गरेको थियो ।

# बुवाको हत्या गर्ने छोरा जेल चलान

**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

आफ्नै बुवालाई कुटेर मारेको आरोपमा पक्राउ परेका छोरा सोमबार कारागार चलान भएका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ निवासी ३४ वर्षिय देवकुमार राम सप्तरी जिल्ला अदालतको आदेशले पूर्पक्षका लागि कारागार चलान

*बाँकी अन्तिम पृष्ठमा*


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०.बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७१२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### होलीमा रंगको प्रयोग गर्दा सावधानी अपनाउनु आवश्यक

रंगहरुको पर्व होली आज मधेशमा मनाइदै छ । हिजो पहाडमा मनाइएको थियो । रंगहरुको पर्वको रुपमा रहेको यस पर्वमा रंग लगाउन सावधानी नअपनाए यसले हानि पुऱ्याउने गर्दछ । होलीमा जथाभावी रंग खेल्दा आँखाको दृष्टि सक्ने, कानको जाली फुट्न सक्ने तथा एलर्जी, दम र छाला सम्बन्धित समस्याले सताउन सक्छ । होलीमा प्रयोग गरिने रंग, अबीर आदिमा खतरनाक रसायन मिसाइएको हुन्छ । त्यसैले रंग वा अबीर मुख, आँखा वा कानमा नपरोस् भनेर होशियारी साथ होली खेल्नु आवश्यक छ । होलीको रंगमा वाइल कलर, केमिकल डाई, विषाक्त पदार्थ र छालालाई नोक्सान पुऱ्याउने अन्य तत्व पनि हुने गरेको विज्ञहरु बताउँछन् ।

हरियो रंग कपर सल्फेट (नीला तुथो), बैजनी रंग क्रोमियम आयोडाईड, चम्किलो रंग एल्मुनियम ब्रोमाइड नीलो रंग पर्सियन ब्लु र रातो रंग मर्करी सल्फेटबाट बन्दछ । यी रसायनहरु मानव स्वास्थ्यका लागि अति हानिकारक हुने गरेको विज्ञहरुको ठम्याई छ । बजारमा देखिने धैरे जसो रंगमा हेभी मेटल्स र विषाक्त पदार्थ हुन्छन् । हरियो रंगले आँखामा एलर्जी वा अस्थायी अन्धोपना निम्त्याउन सक्छ । यस्तै बैजनी रंगले दम र एलर्जी हुन सक्छ । चम्किलो रंग क्यान्सरको कारक हुन सक्छ । स्मरण शक्तिलाई हानि पुऱ्याउँछ । लेड अक्साइडले बनाईने कालो रंगले मृगौलामा समस्या उत्पन्न गराउन सक्छ ।

होलीमा रसायनिक रंगको उपयोग खतरनाक रहेको चेतावनी दिँदै विज्ञहरुले सकेसम्म प्राकृतिक र हर्वल रंग प्रयोग गर्ने सल्लाह दिन्छन् । र, होली खेल्नु अघि शरीरका धैरे जसो भाग छोपिने गरी लुगा लगाएर रंग अबीरको दुष्परिणामबाट जोगिन सकिन्छ । यस्तै होली खेल्नु अघि शरीरमा तेल वा मोइस्चराईजर र फाउन्डेशन लगाउनुपर्ने राम्रो विकल्प हो । यसो गर्दा रंग छालाभित्र जान पाउँदैन । कपालमा तेल दल्दा र नङ्ग काटेर नेलपालिश लगाउँदा पनि कुनै न कुनै नोक्सानीबाट बच्न सकिन्छ । तसर्थ होलीमा रंग प्रयोग गर्दा अत्यन्त सावधानी अपनाउनु पर्छ ।

# लोप हुँदै होली गीत : जोगिरा सर...सररररररररर...

**अजयकुमार साह**

धनुषा, २२ फागुन (रासस) ।

'कौन तालपर ढोलक बाजे
कौन ताल मृदङ्ग ?
कौन तालपर गोरिया नाचे
कौन तालपर हम ?
जोगीरा सर र र !!!'

(कुन तालमा ढोलक बज्छ, कुन तालमा मृदङ्ग, कुन तालमा कान्छी नाच्छे कुन ताल म)

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेम भाव भएको होली गीत गाउने मानिसको अभावका कारण लोप हुँदै गएको छ । होलीमा गाइने यस्ता गीतलाई 'जोगिरा' भनिन्छ ।

मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होली पर्व खेल्नेबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद् किशोरी साह बताउनुहुन्छ । साहले भन्नुभयो, "होली पर्व र सङ्गीतबीच गहिरो सम्बन्ध हुन्छ । सङ्गीतविनाको होलीको परिकल्पना नै गर्न सकिँदैन । भनिन्छ होली पर्व मनभित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो ।"

मिथिला नगरपालिका-२ नक्टाझिज बस्ने ७० वर्षीय रामखेलावन महतो पुर्खौली बाजा मृदङ्ग बजाई फागु गीत जोगिरा गाउन नपाएकामा दुःखी मनले भन्नुहुन्छ, "पहिले पहिले यस्ता फागु गीत जोगिरा वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म गाउँगाउँ, टोलटोल घुमेर फागुपर्वको आगमन भएकाबारे गीत गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउने बुढापाकाको कमी भएका कारण न त त्यति मात्रामा ढोल मृदङ्ग नै बज्छ, न त फागु गीत नै गाइन्छ ।"

"यसपालीको होली मुखमा आइसक्यो, न डम्फू बज्छ..न जोगिरा...का स्वर नै सुनिन्छन्न् !" वर्षौंदेखि जोगिरा गाउँदै आएका क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाइटोलका ७५ वर्षीय रामसागर ठाकुर बताउँछन् । ठाकुरले भन्नुभयो, "मेरा समूहका धेरै साथीको मृत्यु भइसक्यो, कोही बुढा भएर थलिएका छन, अझै गाउने त रस छ, तर साथ दिने कोही छैनन् ।" वसन्त पञ्चमीसँगै होली (फागु) पर्वको सन्देश छर्ने जोगिरा...(फागु गीत) अब सुनिन छाडेपछि धनुषासहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ ।

किनका के हाथ कनक
पिचकारी,
किनका के हाथ अबीर झोरी ?
रामजी के हाथ में कनक
पिचकारी,
सियाजी के हाथ अबीर झोरी !!
जोगिरा..सरररर..!!'

(कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबीरको झोला ? रामजीको हातमा सुन जडित पिचकारी छ र सीताजीको हातमा अबीरको झोला) पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा (फागु गीत) अब मिथिलाञ्चलमा सुनिन छाडेका छन् ।

होलिया (फागु गीत गाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलियाहरु बताउँछन् ।

सामाजिक छुवाछूत, ठूला साना जात र भिन्नभिन्न धर्म संस्कृति प्रति परहेज गर्ने पनि एक अर्कोलाई अङ्कमाल गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । तर, यसको सौन्दर्यको महत्वपूर्ण अङ्ग जोगिरा लोप हुँदै गएर अब 'डिजे' बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णले चिन्ता व्यक्त गर्नुभयो ।

ख्यालठट्टा गरिने नाताबीचका नवयौवनामात्र नभई होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक छैन । मिथिलाञ्चलमा बसन्तपञ्चमीदेखि होली गीत ( जोगिरा) सुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भंगाहा नगरपालिका-९ कञ्चनवनमा यात्रीले एकापसमा रङ अबीर खेलेपछि होली पर्व मनाउन थालिने परम्परा छ । यस वर्ष पनि कञ्चनवनमा मिथिला परिक्रमाका यात्रीहरु पुगेर भव्यरुपमा होली खेलेका छन् ।

जनकपुरधाम १२ का सतीश लाल कर्ण भन्नुहुन्छ, "होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमङ्ग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार, पिरती तथा उन्मुक्ति थियो तर अब उच्छृङ्खल गीतहरु आएकाले होलीमा माधुर्य र प्रेम भाव मिसिएको गीत बिरलै सुन्न पाइन्छ ।" दोहोरी गीत झैं गाइने जोगिरा र होलीका गीतका कारण तराई मधेसका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर ती गीत भने अहिले लोप हुने अवस्थामा पुगेका छन् । भित्री ग्रामीण क्षेत्रमा कुनै कुनै गाउँ घरमा मात्र यस्तो जोगिरा सुन्न पाइन्छ ।

क्षीरेश्वरनाथ-७ हरिहरपुरका रामलाल महतो भन्नुहुन्छ, "होलीको पौराणिकता अब हराइसकेको छ । दिनहुँजसो हुने झै-झगडा, रागद्वेषको कारण होली गीत गाउन नै छाडिएको छ । होलीको तर्क, दर्शन, लौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा सङ्कीर्णता छाएको छ । अबको होली होली नभएर भोगवादी र सहरमुखी होली भएकाले यसको पौराणिकतासँग जोडिएको होली गीत हराउँदै गइरहेको छ ।"

पहिलेपहिले बूढापाकाले रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झ्याल, मृदङ्ग, ढोल, डम्फा र तुरकी लिएर समूहगतरुपमा होली गीत जोगिरा गाउने गरेको सखुवाबजारका सत्यनाराण साह बताउनुहुन्छ । अब त्यो समय हराएर गएको छ । अधिकांश युवा कामका लागि अरब कतार खाडी मुलुक गएकाले होली गीत हराउँदै गएको बताउँदै धनुषाधाम नगरपालिकाका पर्वताका अमरलाल कर्ण भन्नुहुन्छ, "अबको होली प्रेम र सद्भावको नभएर वैमनस्यतापूर्ण भएको छ । भाङको ठाउँमा रक्सी, प्रेम र सद्भावको ठाउँमा रागद्वेष देखा परेकाले अबको होलीको पौराणिकता र माधुर्य हराउँदै गएको छ ।"

धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अति महत्वपूर्ण रहेको होलीले सबै जातजातिलाई प्रभाव पारेको भए पनि होलीको रौनकता नै हराएर गएको छ । फागु पर्व सबै जातजातिले प्रेम र सद्भावका साथ मनाउँदै आइरहेका छन् । पहिलेका होली गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो । अब उच्छृङ्खल गीतका सिडी चक्का बजारमा बढी पाउन थालिएको छ । यस्तो गीतमा अश्लील शब्द बढी भएको सखुवाबजारका रामकृपाल जयसवालको भनाइ छ ।

मिथिलाको सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा विशुद्धरुपमा ग्रामीण होलीको महत्व, त्यस भेगको माटाको मन्दमन्द वासना हुने भएकाले यस्ता गीतको रक्षा गर्नु आजको आवश्यकता रहेकामा संस्कृतिविद् तथा प्राज्ञ रामभरोस कापडीको जोड छ । प्राज्ञ कापडी भन्नुहुन्छ, "पौराणिक होली गीतमा विषय वासना, प्रेमालाप, सीताराम र शिव पार्वतीमा केन्द्रित भएर जोगिरा गीत गाउने परम्परा थियो । अबको होली गीतमा पश्चिमी सभ्यता, उच्छृङ्खलता अश्लीलताजस्ता गीतले कब्जा जमाउन थालेकाले यसको माधुर्य समाप्त हुँदै गएको छ ।"

गाउँघरमा आजभोलि होलीका सांस्कृतिक गीतको साटो भोजपुरी र आधुनिक संस्कृतिले कब्जा जमाउन थालेको छ । वसन्त ऋतुको आगमन सँगसँगै वसन्तोत्सव पर्वका रुपमा मनाइने होली पर्वका अवसरमा गाइने जोगिरा लोप हुन थालेकाले यसको संरक्षणतर्फ मिथिला क्षेत्रमा काम गर्ने संस्थाले यसको पौराणिकता र सांस्कृतिक महत्वलाई संरक्षण गर्नुपर्ने अर्का संस्कृतिविद् रमापति चौधरी बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "होली यस्तो हुनुपर्छ जसमा महिला तथा पुरुष निर्धक्क भएर बाहिर निस्कन सकून् । होलीलाई एउटा यस्तो आदर्श बनाउनुपर्छ कि देश र दुनियाँले होली खेलोस् त मिथिलावासीजस्तो ।"

पौराणिक कथानुसार सत्ययुगमा राजा हिरण्यकश्यपु ज्यादै अत्याचारी राजा भएकाले आफूलाई देवताभन्दा ठूलो हुँ भन्ने घमण्ड गर्थे । उनका छोरा प्रह्लाद भगवान् विष्णुका परमभक्त थिए । हीरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णुभक्तिबाट अलग गराउन होलिकासँगै आगोमा जलाउँदा होलीका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन । सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको दहन गरी हर्ष बढांइँ गर्ने चलन रहिआएको मान्यता छ ।

तराई-मधेस क्षेत्रमा होली पर्वमा गाइने जोगिरा गीतको संरक्षणका लागि पछिल्लो केही वर्षदेखि जनकपुरधामस्थित मिथिला नाट्य कला परिषद (मिनाप)ले गाउँगाउँबाट होलियाहरुलाई झिकाएर जोगिरा प्रतियोगिता गराउने गरेको छ । काठमाडौं उपत्यका र पहाडी जिल्लाहरुमा सोमबार होली पर्व मनाइँदै छ भने तराईमा भोलिपल्ट यस पर्व मनाउने गरिन्छ । सरकारले होली पर्वमा सार्वजनिक बिदासमेत दिँदै आएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# वित्तीय क्षेत्रका समस्याबारे निजी क्षेत्रको ब्रिफिङ, उच्चस्तरीय आयोग गठन गर्ने सरकारको आश्वासन

काठमाडौँ, २२ फागुन (रासस)।

मुलुकको समग्र अर्थ व्यवस्था समस्यामा पर्दै गएपछि त्यसको बहुआयामिक असर देखिन थालेको छ। सरकारी खर्च र राजस्व असुली लक्ष्यभन्दा निकै न्यून छ। मूल्यवृद्धिले वाञ्छित सीमा नाँघेको छ। आर्थिक वृद्धिदर लक्ष्यभन्दा आधा मात्रै देखिन्छ। सरकारी सञ्चित कोष घाटामा छ। आन्तरिक मात्र होइन अर्थतन्त्रको बाह्य क्षेत्र पनि उत्तिकै नाजुक अवस्थामा छ।

विदेशी मुद्रा सञ्चितीको अवस्था खस्किँदो छ। कोभिड-१९ महामारी पछि विस्तारै कमजोर हुँदै गएको निजी क्षेत्र अझै सम्हालिन सकेको छैन। बैंक तथा वित्तीय संस्थामा तरलता अभाव र चर्को ब्याजदरको समस्या छ। पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूको कर्जा असुलीमा पनि समस्या देखिन थालेको छ। त्यस्तै तीन खम्बे अर्थनीतिको मुख्य खम्बाका रूपमा रहेको सहकारी क्षेत्र पनि धराशायी हुँदै गएको छ।

बैंक, वित्तीय संस्था र सहकारी क्षेत्रका समस्याले अहिले बजार तरङ्गित छ। कर्जाको सावाँ-ब्याज तिर्न नसकिने भन्दै ऋणीहरू आन्दोलित छन्। वित्तीय क्षेत्रमा देखिएका यस्ता समस्याबारे आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, निजी क्षेत्र र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग छलफल गर्नुभएको छ। प्रधानमन्त्री कार्यालयमा भएको छलफलपछि अहिले देखिएका समस्या समाधानका लागि उच्चस्तरीय आयोग गठन आस्वासन पनि सरकारले निजी क्षेत्रलाई दिएको छ।

प्रधानमन्त्री दाहालले अहिलेका समस्याबारे सरकार जानकार रहेको र त्यसलाई समाधानका लागि प्रयत्नशील रहेको बताउनुभयो। “सरकार अर्थतन्त्रका चुनौती समाधान गर्न लागिपरेको छ। बैंक र लघुवित्तका क्षेत्रमा जनताका गुनासाप्रति म जानकार र सचेत छु। यसलाई के-कसरी समाधान गर्न सकिन्छ भनेर सबै क्षेत्रबाट सरकारले सुझाव लिइरहेको छ। अहिलेको समस्या समाधानका निम्ति उच्चस्तरीय आयोग नै बनाउनुपर्ने पनि हुन सक्छ।” उहाँले भन्नुभयो।

बैंक तथा वित्तीय क्षेत्रका समस्यालाई सरकारले गम्भीरतापूर्वक लिएको पनि उहाँको भनाइ छ। “बैंकको ब्याजदरलाई लिएर व्यवसायीका गुनासो देखिएको छ। लघुवित्तका समस्याबारे विभिन्न ढङ्गले चासो र चिन्ता आइरहेका छन्। यही मौकामा अराजक तत्वले वित्तीय अराजकता निम्त्याउने कोशिस गरिरहेका छन्। यी सबै परिघटनालाई मैले गम्भीर रूपमा लिएको छु”, प्रधानमन्त्री दाहालले भन्नुभयो।

प्रधानमन्त्रीसँगको आइतबारको छलफलबारे राससलाई प्रतिक्रिया दिनुहुँदै नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले समग्र अर्थतन्त्रमा देखिएको समस्याको असर बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीमा पनि देखिएको बताउनुभयो। अहिले समग्र अर्थतन्त्र नै सङ्कटग्रस्त रहेकाले वास्तविक समस्यामा परेका ऋणीलाई कुनै नीतिगत प्रावधानमार्फत् हेरिनुपर्ने उहाँको भनाइ छ।

“अर्थतन्त्रको अहिलेको अवस्थाका कारण ऋणीहरू कर्जा तिर्न नसक्ने अवस्थामा पुगेको हो भने त्यसलाई सम्बोधन गरिनुपर्छ। वास्तविक समस्यामा परेका ऋणीमाथि सहानुभूति राखिनुपर्छ र त्यस्ता समस्या राज्यको पहलबाटै सम्बोधन गरिनुपर्छ। तर जानाजान पैसा नतिर्नु भनेको अराजक नै भयो।”, उहाँले भन्नुभयो। अहिले बैंक तथा वित्तीय संस्थाको कर्जा असुली विरुद्ध चलिरहेको अभियानमा निजी क्षेत्रको संलग्नता नरहेको पनि उहाँले स्पष्ट पार्नुभयो।

पर्याप्त तरलता र सस्तो ब्याजदर भएका बेला बैंक तथा वित्तीय संस्थाले उद्योगी व्यवसायीहरूको घर-घरमै गएर ऋण प्रबाह गरेको उल्लेख गर्नुहुँदै अध्यक्ष गोल्छाले अहिले बैंकिङ क्षेत्रमा समस्या देखिएको बेला उद्योगी व्यवसायीहरू माथि पनि सहानुभूति राखिुनपर्ने बताउनुभयो।

त्यस्तै, नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले पनि अर्थतन्त्रमा देखिएको समस्याका कारण ऋणी र कर्जा असुलीमा समस्या देखिएको भए त्यसलाई सरकारले गम्भीर रूपमा लिनुपर्ने बताउनुभयो। “कर्जा लिइसकेपछि सावाँ ब्याज नतिर्ने भन्नु गलत हो। त्यसलाई निरुत्साहित नै गर्नुपर्छ। तर अर्थतन्त्रको आधारका रूपमा रहेको बैंकिङ र वित्तीय क्षेत्रमा अरु विभिन्न कारणले पनि समस्या देखिएको हो भने त्यसलाई गम्भीर रूपमा हेरिनुपर्छ।” उहाँले भन्नुभयो।

प्रधानमन्त्रीसँगको आइतबारको छलफलका क्रममा तरलता अभाव, उच्च ब्याजदर, उत्पादन लागत बढेकोलगायतका समस्यालाई जतिसक्दो चाँडो निकास दिन सरकार समक्ष आग्रह गरेको पनि अग्रवालले बताउनुभयो। त्यस्तै, अर्थतन्त्रलाई सुदृढ बनाउन सरकारी र निजी दुवै क्षेत्रबाट लगानी बढाउन आवस्यक रहेको सुझाव सरकारलाई¶ दिएको उहाँको भनाइ छ। पेट्रोलियम पदार्थको मूल्य घटाउन सके निर्माण लागत घट्नेबारे पनि प्रधानमन्त्रीलाई जानकारी गराएको अग्रवालले बताउनुभयो।

छलफलपछि अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकारले पहल गर्ने आस्वासन दिएको र निजी क्षेत्र आशावादी रहेको नेपाल चेम्बर अफ कसर्मका अध्यक्ष राजेन्द्र मल्लले बताउनुभयो। “बैंकको औसत ब्याजदर अन्तर घटाउनुपर्ने, आधार दरमा लिने प्रिमियमलाइ घटाउनुपर्नेलगायतका सुझाव निजी क्षेत्रले दिँदै आएको छ। अहिले समस्या देखिएका सहकारी र लघुवित्त क्षेत्रको नियमन र अनुगमन संयन्त्र बलियो बनाउनुपर्छ। सँगसँगै व्यवसाय गर्ने लागत घटाउनुपर्छ।” उहाँले भन्नुभयो।

अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकारले पहल गरिरहेको भए पनि त्यसको अनुभूति निजी क्षेत्रले गर्न नसकेको उहाँले बताउनुभयो। “सरकारले केही काम गरिरहेको छ। तर त्यो अपुग छ। समस्या समाधान हुन्छ भनेर हामी सरकारप्रति आशावादी छौँ। छिटो छरितो गर्नुपर्‍यो।”, मल्लले भन्नुभयो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

## विश्व समाचार

### यमनमा पोलियो विरुद्धको खोप अभियान सुरु

आडेन, २२ फागुन (रासस/सिन्ह्वा)।

यमनको युद्धग्रस्त क्षेत्रमा पछिल्ला केही समययता पोलियो रोगको समस्या देखिएकाले यहाँको सरकारले यसका विरुद्धमा पोलियो खोप अभियान सुरु गरेको छ। यमन सरकारले युद्धग्रस्त क्षेत्रहरुमा देखिएको पोलियोको प्रकोप नियन्त्रणका लागि सो अभियान राष्ट्रव्यापी रुपमा नै सञ्चालनमा ल्याएको बताइएको छ।

यो अभियान यहाँको आडेन क्षेत्रका १२ लाख भन्दा बढी बालबालिकालाई लक्षित गरिएको बताइएको छ। सो क्षेत्रका पाँच वर्ष मुनिका ती बालबालिकालाई पहिलो चरणमा यो अभियानमार्फत् पोलियोको खोप लगाइने छ।

आडेन यहाँको बढी द्वन्द्व चर्किएको क्षेत्र हो। यस क्षेत्रका पनि गाउँ गाउँमा स्वास्थ्य संरचना एवं औषधिको अभावमा पोलियोको असर देखिएको र यो फैलिन सक्ने अवस्था पनि रहने भएकाले त्यसलाई मध्यनजर गर्दै पोलियो विरुद्धको खोप अभियान सञ्चालन गरिएको बताइएको छ।

साउदी अरेबियाको सहयोग रहेको यमनको सरकारले अहिले यहाँका १२ ओटा प्रान्तमा यो अभियान सञ्चालन गरिरहेको र यसका लगि सयौँ स्वास्थ्य कार्यकर्ता खटाइएको छ। ती स्वास्थ्यकर्मीहरुले आडेन सहर र यसको वरपरका क्षेत्र र ग्रामीण क्षेत्रहरुमा घर घरमा पुगेर बालबालिकालाई पोलियोविरुद्धको खोप लगाउने गरेका छन्।

### आप्रवासी कानुन कडा बनाउँदै बेलाइत

लन्डन, २३ फागुन, (रासस-एएनआई)।

बेलाइतका प्रधानमन्त्री ऋषि सुनकले देश प्रवेश गर्ने अवैध आप्रवासीहरूलाई चेतावनी दिदै उनीहरूले शरणका लागि निवेदन दिन नसक्ने बताउनु भएको छ। बेलाइतले युरोपबाट आफ्नो सिमाना पार गर्ने आप्रवासीहरूको निरन्तर दबाब सामना गरिरहेको बेला प्रधानमन्त्री सुनकले आइतबार यस्तो कडा टिप्पणी गर्नु भएको हो। सुनकको सरकारले यस हप्ताको अन्त्यमा अवैध अध्यागमनलाई कडाइ गर्ने कानुनलाई अगाडि बढाउने अपेक्षा गरिएको फक्स न्युजले उल्लेख गरेको छ।

“अवैध आप्रवासन बेलाइती करदाताहरूका लागि उचित छैन, कानुनी रूपमा यहाँ आउनेहरूका लागि यो उचित छैन र अपराधी गिरोहहरूलाई उनीहरूको अनैतिक गतिविधि जारी राख्न दिनु उचित होइन। म अवैध आप्रवासीका डुङ्गाहरू रोक्ने मेरो वाचा पूरा गर्न कटिबद्ध छु,“ उहाँले भन्नु भयो।

बेलाइतमा गैरकानुनी आप्रवासीहरूलाई सीमा पार गरेपछि त्यहाँ शरण लिनका लागि दाबी गर्न अनुमति दिने कानुन छ। सामान्यतया, आप्रवासीहरूलाई उनीहरूको मुद्दा चलिरहेको बेलामा बस्न अनुमति दिइन्छ तर नयाँ कानुनले त्यस्ता आप्रवासीहरूलाई शरण दाबी गर्नबाट रोक्ने बताइएको छ। लामो समयदेखि फ्रान्सबाट जोखिमपूर्ण बाटो भएर बेलाइत पुग्ने शरणार्थीहरूको सङ्ख्या बढ्दै गएको पाइएको छ।

### दक्षिण पश्चिम पाकिस्तानमा विस्फोट ४ जनाको मृत्यु, ९ जना घाइते

इस्लामावाद, २२ फागुन, (रासस-सिन्ह्वा)।

पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा सोमबार गाडी बिस्फोट हुँदा चार सुरक्षाकर्मीको मृत्यु हुनाको साथै अन्य नौ जना घाइते भएको अधिकारीहरूले बताएका छन्। उक्त दुर्घटना बोलान जिल्लामा भएको हो। सिबीका जिल्ला प्रहरी अधिकारी युसुफ करीम भानघरले बताएअनुसार सिबी जिल्लाको सीमा क्षेत्रस्थित बलुचिस्तान कन्स्टेबुलरीका अर्धसैनिक फौजको ट्रकमा हमला भएको थियो।

विस्फोटको प्रकृति अझै खुल्न नसकेको बताउँदै उहाँले अनुसन्धानका लागि सो क्षेत्र नाकाबन्दी गरिएको बताउनु भएको छ। आक्रमणको अहिलेसम्म कुनै समूहले जिम्मेवारी लिएको छैन।

### सडक दुर्घटनामा सातको मृत्यु, २३ घाइते

इस्लामाद, २२ फागुन (रासस/सिन्ह्वा)।

पाकिस्तानमा गएको २४ घन्टायता भएका सडक दुर्घटनामा परी कम्तीमा पनि सात जनाको ज्यान गएको छ। साथै ती दुर्घटनामा परेर अरु २३ जना घाइते भएका छन्।

यहाँ भएका दुई फरक सडक दुर्घटनामा परेर उनीहरुको ज्यान गएको अधिकारीहरुले जानकारी दिएका छन्।

पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तको झोब जिल्लामा आइतबार साँझ सडकमा गुडिरहेका बस एक आपसमा ठोकिएर भएको दुर्घटनामा परेर चार जनाको ज्यान गएको थियो। सो दुर्घटनामा परेर अरु केही व्यक्ति घाइते पनि भएका छन्।

त्यसैगरी पाकिस्तानको उत्तरी चिलास नगरमा शनिबार राति भएको अर्को दुर्घटनामा परेर तीन जनाको ज्यान गएको र २० जनाभन्दा बढी यात्रु घाइते भएका थिए। सो स्थानमा बस खोँचमा खसेको थियो। त्यसमा रहेका २० जना भन्दा बढी यात्रु घाइते भएका बताइएको छ।

# द्वन्द्वकालका मुद्दा अनन्तकालसम्म अल्झाइराख्न मिल्दैन : सर्वोच्च अदालत

काठमाडौँ, २२ फागुन (रासस)।

सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनालाई विभिन्न कारण देखाई अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने ठहर गरेको छ।

न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरिप्रसाद फुँयालको संयुक्त इजलासले शुक्रबार जारी गरेको आदेशमा उक्त ठहर गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विरुद्धको मुद्दा दर्ता गर्न आदेश गरेको हो।

आदेशमा शान्ति सम्झौता, नेपालको संविधान, यस अदालतबाट भएको फैसला तथा अन्तर्राष्ट्रिय कानून र सिद्धान्तबमोजिम पीडितहरूले सत्यतथ्य जानकारी पाउने तथा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाई यस्ता मुद्दा अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने उल्लेख छ।

"विषयवस्तुको गम्भीरता र संवेदनशीलतातर्फ दृष्टिगत गर्दा यस प्रकारको रिट निवेदनलाई न्यायिक प्रक्रियामा प्रवेश हुन नदिने गरी दरपीठ गर्नु अनुचित हुन्छ", आदेश भनिएको छ, "तसर्थ पेस हुन आएको रिट निवेदन दरपीठ गर्ने गरी यस अदालतका रजिष्ट्रारबाट मिति २०७९/७/२४ मा भएको आदेश बेरीतको देखिँदा बदर गरिएको छ, अन्य कुराको रीत पुगेको भए प्रस्तुत रिट निवेदन दर्ता गरी अरू नियमानुसार गर्नु।"

आदेशमा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाई अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने ठहर गर्दै भनिएको छ, "त्यस्ता सङ्क्रमणकालीन निकायहरू निष्क्रिय रहेको र कानून निर्माण समेतको कार्य प्रभावकारी भएको देखिनुपर्ने अवस्थामा सङ्क्रमणकालीन न्यायिक संयन्त्रबाट सुनुवाइ नै नभएको वा प्रभावकारी न्याय प्राप्त हुन नसकेको विषयलाई लिएर पीडित पक्षले हक प्रचलनका लागि यस अदालतमा प्रवेश नै नपाउने भन्ने कुरालाई संविधानसम्मत, न्यायोचित र तर्कपूर्ण मान्न पनि मिल्दैन।"

सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी आयोग लगायतका संयन्त्रबाट अपेक्षित सार्थक परिणाम आउन बाँकी नै रहेको र यस्ता आयोगहरू पनि हाल निष्क्रिय प्रायः रहेको भन्ने निवेदकको जिकिर रहेको देखिएको आदेशमा छ।

अदालतले यस्तो अवस्थामा नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, मानव अधिकारलगायत सशस्त्र द्वन्द्वकालमा पीडित भएका नागरिकले पाउनुपर्ने परिपूरण, क्षतिपूर्ति समेतका न्यायसम्बन्धी हकका प्रश्नहरू उठाई रिट निवेदन दायर गर्न ल्याएको पाइएको र फौजदारी न्याय प्रक्रिया निष्क्रिय, शून्य वा निष्प्रभावी अवस्थामा रहनु नहुने व्याख्या गरेको छ।

सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूको शान्ति सम्झौता, नेपालको संविधान, यस अदालतबाट भएको फैसला तथा अन्तर्राष्ट्रिय कानून र सिद्धान्तबमोजिम पीडितहरूले सत्यतथ्य जानकारी पाउनुपर्ने आदेशमा उल्लेख छ।

## बुवाको हत्या ...

भएका हुन्। जग्गा अंश विवादमा बुवालाई कुटपिट गर्दा मृत्यु भएको थियो।

प्रहरीका अनुसार २०७६ साल बैशाख १ गते जग्गा अंशको विवादलाई लिएर रामले आफ्नो बुबा ६५ वर्षिय जगदीशको कुटपिट गर्दै हत्या गरेका थिए।

घटनापछि फरार रहेका उनी गाउँ घरमै लुकिबसेको अवस्थामा सात दिन अघि पक्राउ परेका थिए। जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले राममाथी कर्तव्य ज्यान सम्बन्धी मुद्दा चलाइएको र अदालतमा उपस्थित गराउँदा पूर्पक्षका लागि कारागार पठाउने आदेश भएपछि राजविराज कारागार चलान गरिएको जानकारी दिएका छन्।

# शान्ति प्रक्रिया टुंगोमा पुऱ्याउन नमान्ने प्रधानमन्त्री प्रचण्ड : ओली

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ फागुन।**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले शान्ति प्रक्रिया टुंगोमा पुऱ्याउन नमान्ने प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भएको बताएका छन्।

सोमबार एमालेले पार्टी केन्द्रीय कार्यालय च्यासलमा सांसदहरूलाई प्रशिक्षण दिँदै उनले यस्तो बताएका हुन्। "पहिलो पटक प्रधानमन्त्री हुँदा द्वन्द्वकालीन मुद्दा टुंग्याउन आग्रह गर्दा प्रचण्डले मान्नुभएन। कहिले के भनेर कहिले के भनेर पन्छिनुभयो," उनले भने।

अध्यक्ष ओलीले भने, "मैले प्रचण्ड र शेरबहादुरजीलाई पटकपटक भनें। द्वन्द्वका प्रमुख पक्ष र विपक्ष तपाईंहरू हो। यसको खाका बनाउँ। म दुवै हातका औंठा छाप गरिदिन्छु भने तर उहाँले वास्ता गर्नुभएन।"

पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले लोकतन्त्र रक्षाका लागि आफ्नो पार्टी कांग्रेससँग सहकार्य गर्न तयार रहेको बताए। तर, त्यस्तो सहकार्य व्यक्तिगत स्वार्थका लागि नभई राष्ट्रिय स्वार्थका लागि हुने उनले दाबी गरे।

# सप्तरीमा अश्वमेघ महायज्ञ हुँदै




**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन।**

सप्तरीको तिरहुत गाउँपालिका ५ लोहजरामा फागुन २७ देखी विष्णु महायज्ञ हुने भएको छ।

मानव कल्याण, हिन्दु धर्मको रक्षा तथा यसको धार्मिक महत्व बारे चेतना फैलाउन उद्देश्यले महायज्ञको आयोजन गर्न लागिएको महायज्ञ मूल आयोजक समितिका अध्यक्ष श्री बाबा सन्यासीले सोमबार महायज्ञ स्थलमै पत्रकार सम्मेलनको आयोजना गरि जानकारी दिएका छन्।

महायज्ञ चैत ५ सम्म चल्ने छ। भव्य रुपमा हुन लागेको महायज्ञको अनुमानित लागत १० लाख रुँपैया रहेको समितिका कोषाध्यक्ष बद्री अरगरियाले जानकारी दिए।

महायज्ञमा भारतका ख्यातिप्राप्त यज्ञाचार्य डा. महन्थ जानकी बल्लभ दास बेदान्ती, राधादेवी, स्वामी कल्याण जी महाराज र गोपाल दास लगायतका सन्तमहन्तबाट कथा वाचन र प्रवचन लगायतका धार्मिक कार्यक्रम हुने समितिका सचिव श्याम नारायण झकरैतले बताए।

मानव कल्याणका लागि गरिने महायज्ञका लागि लोहजरास्थित सन्यासी थान मैदानमा मूर्ती र पण्डाल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

महायज्ञमा ३ लाख भन्दा बढी भक्तजन सहभागि हुन आउने अपेक्षा गरिएको र सोही अनुसारको तयारी गरिएको उनले बताए।

महायज्ञको उद्घाटनका दिन १० हजार भन्दा बढी महिलाको सहभागितामा कलश यात्रा निकालिने समेत आयोजकको तयारी छ।

महायज्ञ स्थलमा प्रसिद्ध मूर्तीकार जुक्तिलाल मण्डलद्वारा निर्माण गरिएको विभिन्न देवी देवताका ५५ वटा मूर्ती निर्माण भइसकेको तथा धार्मिक कार्यक्रमका साथै महायज्ञ अवधीभर मनोरन्जनका लागि विभिन्न खेल तमासाको पनि आयोजना हुने आयोजकले जनाएको छ।

यस्तौ जिल्लाको डाक्नेश्वरी नगरपालिकामा समेत चैत २ गतेदेखी १३ दिने अन्तराष्ट्रिय अश्वमेघ महायज्ञ हुने भएको छ। उक्त महायज्ञको पनि तयारी अन्तिम चरणमा पुगेको आयोजक समितिका अध्यक्ष ओमप्रकाश यादवले जानकारी दिएका छन्। उनले पनि मानवकल्याण, विश्व शान्ति तथा हिन्दु धर्मको रक्षाको लागि महायज्ञ गर्न लागिएको जानकारी दिएका छन्।

## निर्वाचन प्रणालीमा ...

बोलाइनुपर्नेलगायत माग पनि सो अभियानले गरेको छ।

पूर्ण न्यायसहितको लोकतन्त्र र नेपाली नागरिकलाई मतदानको अधिकारको सुनिश्चितता लगायतका मुद्दा सम्बोधन नभएसम्म अनशन जारी रहने अभियानका संयोजक नन्दराज उपाध्यायले बताउनुभयो।सो अनसनमा जय महाङ्काल युवा समूहले पनि समर्थन जनाएको छ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**फागुपर्व सभ्य रुपमा मनाऔं।**
- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं।
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

चाडपर्वलाई मौलिकरुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np